नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

## प्रेस विज्ञप्ति

**नागढुंगा सुरुङमार्ग निर्माण आयोजनाका लागि थप सहुलियतपूर्ण ऋणसम्बन्धी सम्झौतामा हस्ताक्षर**

नेपाल सरकार र जापान सरकारबीच नागढुंगा सुरुङमार्ग निर्माण आयोजनाका लागि जापानी येन ५,७०० मिलियन (करिब रु.५ अर्ब २६ करोड बराबरको) थप सहुलियतपूर्ण ऋण उपलब्ध गराउने सम्बन्धी सम्झौतामा आज हस्ताक्षर सम्पन्न भएको छ।

अर्थ मन्त्रालयको सुवर्ण हलमा आयोजित समारोहमा ऋण सहायता सम्बन्धी Exchange of Notes तथा Record of Discussions मा नेपालको तर्फबाट अर्थ सचिव डा. घनश्याम उपाध्यायले तथा जापान सरकारको तर्फबाट नेपालका लागि जापानी राजदूत महामहिम तोरु मायेदाले हस्ताक्षर गर्नुभयो। त्यसैगरी, ऋण सम्झौतामा नेपालको तर्फबाट अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखाका प्रमुख डा. धनीराम शर्माले तथा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) का नेपाल प्रमुख मात्सुजाकी मिजुकीले हस्ताक्षर गर्नुभयो।

यस ऋणको ब्याजदर वार्षिक १.९५ प्रतिशत रहनेछ भने परामर्श सेवाका लागि उपयोग हुने रकममा वार्षिक ०.५५ प्रतिशत ब्याजदर लाग्नेछ। ऋण भुक्तानी अवधि २० वर्ष तथा ग्रेस अवधि १० वर्ष रहने व्यवस्था रहेको छ।

यसअघि उक्त आयोजनाका लागि नेपाल सरकार र जापान सरकारबीच २२ डिसेम्बर २०१६ मा जापानी येन १६,६३६ मिलियन सहुलियतपूर्ण ऋण सम्झौता सम्पन्न भएको थियो। आयोजना कार्यान्वयनका क्रममा मूल्य समायोजन, सुरुङ निर्माण कार्यको परिमाण तथा डिजाइनमा परिवर्तन, थप निर्माण कार्यको आवश्यकता, कोभिड-१९ महामारी, स्थानीय अवरोध तथा विनिमय दरमा आएको परिवर्तनलगायतका कारण आयोजनाको लागि थप बजेट आवश्यक परेको हो।

समारोहलाई सम्बोधन गर्दै अर्थ सचिव डा. घनश्याम उपाध्यायले नेपाल-जापानबीचको विकास सहकार्यलाई थप सुदृढ बनाउन यस ऋण सहयोगले महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो। उहाँले नागढुंगा सुरुङमार्गले काठमाडौं उपत्यकाको यातायात व्यवस्थापन, सडक सुरक्षा तथा व्यापारिक आवागमनमा दीर्घकालीन सकारात्मक प्रभाव पार्ने बताउनुभयो। जापानी राजदूत महामहिम तोरु मायेदाले नेपालको पूर्वाधार विकासमा जापान सरकार निरन्तर सहकार्य गर्न प्रतिबद्ध रहेको उल्लेख गर्दै आयोजना सफलतापूर्वक छिट्टै सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा अर्थ मन्त्रालय, विषयगत मन्त्रालय तथा आयोजना कार्यान्वयन निकाय, JICA तथा जापानी दूतावासका अधिकारीहरूको उपस्थिति रहेको थियो।

मितिः २०८३ जेठ २० गते बुधबार

२०८३।२।२०

अमृत लम्साल
सहसचिव एवम् प्रवक्ता

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np